आज मिति २०८२ श्रावण ७ गते वुधबारका दिन दुहवी नगरपालिकाका नगर प्रमुख श्री वेदनारायण गच्छदारज्यूको अध्यक्षतामा नगरकार्यपालिकाको बैठक बसी तपसिल बमोजिमको उपस्थितीमा तपसिलका विषयहरू माथि छलफल गरी निर्णय गरियो ।

उपस्थिती:

| सि.नं. | पदाधिकारीको नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | वेद नारायण गच्छदार | नगर प्रमुख | |
| २ | मेनुका पोखरेल खतिवडा | नगर उप-प्रमुख | |
| ३ | मो.अजुल हुसैन | वडा अध्यक्ष | |
| ४ | अरविन्द कुमार विश्वास | वडा अध्यक्ष | |
| ५ | माधव वहादुर भण्डारी | वडा अध्यक्ष | |
| ६ | मो.मस्तकी मिया | वडा अध्यक्ष | |
| ७ | रमेश रौनियार | वडा अध्यक्ष | |
| ८ | घनश्याम हलुवाई | वडा अध्यक्ष | |
| ९ | विजय कुमार चौधरी | वडा अध्यक्ष | |
| १० | तारिकचन्द सरदार | वडा अध्यक्ष | |
| ११ | मेहदी हुसेन | वडा अध्यक्ष | |
| १२ | तुलाराम माझी | वडा अध्यक्ष | |
| १३ | खड्गनारायण उराव | वडा अध्यक्ष | |
| १४ | रामचन्द्र चौधरी | वडा अध्यक्ष | |
| १५ | ललिता चौधरी | कार्यपालिका सदस्य | |
| १६ | वविता देवी थरूनी | कार्यपालिका सदस्य | |
| १७ | सरिता कुमारी रिषिदेव | कार्यपालिका सदस्य | |
| १८ | ललिता सादा हरिजन | कार्यपालिका सदस्य | |
| १९ | मिना श्रेष्ठ | कार्यपालिका सदस्य | |
| २० | जयब्रत सरकार | कार्यपालिका सदस्य | |
| २१ | धर्मेन्द्र रिषिदेव | कार्यपालिका सदस्य | |
| २२ | सरिता मुसहर्नी | कार्यपालिका सदस्य | |
| २३ | सुवर्ण घिमिरे | प्र.प्र.अ. | |
| २४ | विकास घिमिरे | शिक्षा शाखा प्रमुख | |
| २५ | विशेष गौतम | लेखा अधिकृत | |
| २६ | कचित दुलाल | प्रशासन शाखा प्रमुख | |

| | | | |
|---|---|---|---|
| २७ | हेमनारायण माझी | इन्जिनियर | [signature] |
| २८ | युवराज चौधरी | सू.प्र.अ. | [signature] |
| २९ | बिमलनारायण चौधरी | वातावरण शाखा | [signature] |
| ३० | अभिनास गोसाई | स.इन्जिनियर | [signature] |
| ३१ | धिरेन्द्र सुतिहार | स्व.सचिव | [signature] |
| ३२ | शिवनारायण चौधरी | सहयोगी | [signature] |
| ३३ | कुमारी सुनदास | का.स. | [signature] |
| ३४ | उत्तम कुमार खतिवडा | राजस्व शाखा | [signature] |
| ३५ | उचित नारायण साह | स्वास्थ्य शाखा | [signature] |
| ३६ | पञ्जु लाल चौधरी | का.वा.वडाध्यक्ष | [signature] |
| ३७ | प्रधान कुमार साह | का.वा. वडा अध्यक्ष | प्रधान |
| ३८ | शान्ति [illegible] | का.स. | [signature] |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

आज मिति २०८२ श्रावण ७ गते बुधबारका दिन दुहवी नगरपालिकाको नगर प्रमुख वेदनारायण [illegible]ज्यूको अध्यक्षतामा बसेको कार्यपालिका वैठकमा तपसिल वमोजिमको प्रस्तावहरु पारित गर्ने निर्णय गरियो ।

प्रस्तावहरु:

प्रस्ताव नं. १ तह वृद्धि अनुमोदन गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. २ नगर आधारभुत अस्पताल सम्बन्धमा ।

प्रस्ताव नं ३ विविध।

निर्णयहरुः

निर्णय नं. १ - प्रस्ताव नं १ माथि छलफल गर्दा दुहवी नगरपालिका नगर कार्यपालिकाको कार्यालयको मिति २०८२ असार २७ गते गरिएको तपसिलको कर्मचारीको तह वृद्धिको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो।

| सि.नं. | कर्मचारीको नामथर | हालको पद/तह | तह वृद्धि हुने पद/तह | कैफियत |
|---|---|---|---|---|
| १ | जिवछ प्रसाद गुप्ता | सि.अ.हे.व.(अ.छैटौ) | ज.स्वा.अ.(अ.सातौं) | सम्मानित उच्च अदालत विराटनगरको मुद्दा नं 080-WO-0452 को फैसलाको जानकारी पत्रानुसार तथा तत्कालीन स्थानीय सरकारी सेवा (गठन तथा संचालन) अध्यादेश, २०८० को दफा ८ को उपदफा १ख बमोजिम |
| २ | रामजि शाह | सि.अ.हे.व.(अ.छैटौ) | ज.स्वा.अ.(अ.सातौं) | |
| ३ | उचित नारायण साहु | सि.अ.हे.व.(अ.छैटौ) | ज.स्वा.अ.(अ.सातौं) | |
| ४ | सुनिल कुमार भगत | सि.अ.हे.व.(अ.छैटौ) | ज.स्वा.अ.(अ.सातौं) | |
| ५ | दुखाराम माझी | सि.अ.हे.व.(अ.छैटौ) | ज.स्वा.अ.(अ.सातौं) | |
| ६ | पिंकि कुमारी भगत | सि.अ.न.मि.नी(अधिकृत छैटौ) | नर्सिङ्ग अधिकृत(अ.सातौं) | |
| ७ | रचना घिमिरे कार्कि | सि.अ.न.मि.नी(अधिकृत छैटौ) | नर्सिङ्ग अधिकृत(अ.सातौं) | |
| ८ | रमेश मण्डल | का स ( तृतीय स्तर) | का स (चतुर्थ स्तर) | स्थानीय सरकारी सेवा (गठन तथा संचालन) ऐन, २०८० तथा निजामती सेवा ऐन , २०४९ बमोजिम |
| ९ | छितादेवी उपाध्याय | का स ( तृतीय स्तर) | का स ( चतुर्थ स्तर) | |

निर्णय नं. २ - प्रस्ताव नं. २ माथि छलफल गर्दा दुहवी नगरपालिका अन्तर्गतको नगर आधारभुत अस्पतालको प्रसुती वार्डको शल्यक्रिया कक्षमा Hermetic Door लगाउन रु १० लाख समपुरक कोषवाट विनियोजन गरी यथाशीघ्र जडान गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो। साथै नगर आधारभुत अस्पतालको व्यवस्थापन गर्ने सन्दर्भमा दुहवी नगरपालिका वडा नं ७,१० र ११ को वर्थिङ सेन्टरलाई नगर आधारभुत अस्पतालमा गाभ्ने निर्णय गरियो।

विविधः

प्रस्ताव नं. क --- ज्यालादारीमा कामकाज लगाउने सम्वन्धमा।

निर्णय नं. क - प्रस्ताव नं क माथि छलफल गर्दा यस दुहवी नगरपालिका वडा नं ११ मा दुहवी नगरपालिका अन्तर्गतको नगर आधारभुत अस्पताल मिति २०८२/०४/०४ गतेदेखी नवनिर्मित भवनबाट संचालन भएको र उक्त अस्पताल क्षेत्र अत्यन्तै संवेदनशील रहेकोले तहाँ सरसफाइ गर्ने जनशक्ति आवश्यक भएको साथै वडा नं ८ को कार्यालयबाट एक जना सहयोगी माग भएको लगायत नगरपालिकालाई आवश्यक पर्ने स्थानमा ७ जना सरसफाइकर्मी र कार्यालय सहयोगी नगर अस्पताल सुविधाबाट ज्यालादारीमा नियुक्ति गरी अर्को व्यवस्था नहुन्जेलसम्मलाई कामकाजमा लगाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

प्रस्ताव नं. ख — नदिजन्य पदार्थ नदि किनाराबाट व्यवस्थापन गर्ने सम्वन्धमा।

निर्णय नं. ख — प्रस्ताव नं ख माथि छलफल गर्दा ढुंगा गिटी वालवा उत्खनन बिक्री तथा व्यवस्थापन मापदण्ड २०७७ वमोजिम नदि किनारा भन्नाले नदि वहाव क्षेत्र बाट दाँया बायाँ १ किलोमिटर सम्मको क्षेत्रलाई मानिएको र सोही मापदण्डको दफा ७ को उपदफा ५ बमोजिम नगरपालिकाले लगाएको ठेक्का अन्तर्गत आर्थिक वर्षको अन्त्यमा नदि किनारामा भण्डारण गरी राखिएको नदिजन्य पदार्थ जफत गरी लिलाम बिक्री गर्ने व्यवस्था मिलाउने जिम्मेवारी समेत सम्वन्धित नगरपालिकालाई दिएको हुँदा दुहवी नगरपालिका अन्तर्गत रहेको बुढी खोला बाट उत्खनन गरी नदि किनारामा नदिजन्य पदार्थ संचय गरी राखेको हुँदा अन्यत्र सारी लैजान अनुमति पाउँ भनी यस दुहवी नगरपालिकामा निवेदन पेश गरेको सन्दर्भमा निवेदकहरुलाई उक्त नदिजन्य पदार्थ नदि किनाराबाट अन्यत्र स्थानान्तरण गरी लैजानको लागि एकपटकको लागि भाद्र मसान्त सम्मको समयावधि दिन र सो तोकिएको समयभित्र उक्त नदिजन्य पदार्थ नहटाएमा प्रचलित कानून बमोजिम जफत हुने जानकारी समेत सम्बन्धित सरोकारवालालाई आदेश दिन कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो।

प्रस्ताव नं. ग — विष्णु मा.वि. को वन पैदावार बिक्रि सम्वन्धमा।

निर्णय नं. ग - प्रस्ताव नं ग माथि छलफल गर्दा यस दुहवी नगरपालिका वडा नं ८ स्थित विष्णु माध्यमिक विद्यालयको वन पैदावार काठ दाउरा बिक्रीको लागि अनुमति माग भएको हुँदा जिल्ला वन कार्यालयले तोकेको लागत अनुमान दररेट भित्र रही बढावढमा खुल्ला सूचना मार्फत बिक्री गर्न निर्देशन दिने निर्णय गरियो।

सरिता

प्रस्ताव नं घ -- सडक तथा नाला निर्माण कार्य कार्यान्वयन सम्बन्धमा।

निर्णय नं घ — प्रस्ताव नं घ माथि छलफल गर्दा यस दुहवी नगरपालिका स्थित दुहवी इनरुवा सडकको क्रसिङदेखी दुहवी बजारको उत्तरतर्फको लुनकरण दास च्यारिटी अस्पताल जानेबाटोको क्रसिंग सम्म ६३० मिटर सम्म जोगबनी -- धरान — धनकुटा राजमार्ग (कोशी राजमार्ग) अन्तर्गत रहेको बाटो विस्तार सुधारका लागि नक्सा बमोजिम रहेको केन्द्रबाट दायाँ बायाँ १४.२३/१४.२३ मिटर मध्ये केन्द्रबाट ८.२३/८.२३ मिटर दायाँ बायाँ राजमार्ग मुल सडक रहने र बाकी ६ मिटर Set Back मा स्थानीय बासीको स्वामित्व रहने गरी सडक विभागलाई ३ मिटरमा Steel Barrier सहितको सर्भिस लेन र त्यसपछि २ मिटर ड्रेन (नाला) र बाकी फुटपाथ रहने, सो को लागि जग्गाधनीले नगरपालिकालाई निर्माण गर्न दिने र नगरपालिकाको नाममा दर्ता रहेको कि.नं ४३३, ३८ मा PICK AND DROP को लागि सुविधा सम्पन्न बस STOPAGE बनाउने निर्णय गरियो।

प्रस्ताव नं ङ — ठेक्का व्यवस्थापन सम्बन्धमा।

निर्णय नं ङ — प्रस्ताव नं ङ माथि छलफल गर्दा यस दुहवी नगरपालिकाको आर्थिक वर्ष ०८२/८३ मा लगाइने रा ठे नं ८ बुद्ध चौकको आइतबारे बुधवारे हटिया र रा ठे नं १० शुक्रबारे सोमबारे हटिया दुहवी ११ को हटिया ठेक्का व्यवस्थापनको लागि पटक पटक सूचना प्रकाशन गर्दा समेत कुनैपनि बोलपत्र बिक्री नभएको अवस्थामा बुद्धचौक हटियाको लागि मु अ कर समेत रु १,२६,०००।— अक्षेरुपी एक लाख छबिस हजारमा दुहवी १० निवासी श्री गोविन्द प्रसाद माझीले कर संकलन गर्न पाउँ भनी निवेदन पेश गरेको साथै रा ठे नं १० शुक्रबारे हटियाका लागि मू अ कर समेत रु १५,०००।— अक्षेरुपी पन्ध्र हजारमा दुहवी १० निवासी श्री बोध नारायण साहले कर संकलन गर्न पाउँ भनी निवेदन पेश गरेको सन्दर्भमा सोझै निवेदकको माग बमोजिम सम्झौता गरी ठेक्का लगाउन कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो।

सरिता